# सरकारले ऐनमार्फत कर्णालीको साहित्य र संस्कृति संरक्षण गर्ने

■ प्रभाव संवाददाता

**कर्णाली**–कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सरकारले ऐनमार्फत कर्णालीको साहित्य र संस्कृति प्रतिष्ठान बनाएर संरक्षण गर्ने जानकारी गराएका छन् ।

कर्णाली साहित्य समाज सुर्खेतद्वारा वीरेन्द्रनगरमा आयोजित 'पुरस्कार तथा सम्मान अर्पण समारोह'मा उनले सरकारले ऐनमार्फत नै सरकारी प्रतिष्ठान बनाएर अगाडि बढाउने बताए ।

उनले कर्णाली साहित्य, कला, संस्कृति र भाषाले सम्पन्न प्रदेश भएको र यसको श्रेय नागरिक तहबाट समाजले गरेको बताए । उनले यद्यपि भाषा, साहित्य र कलामा पहिचानका निम्ति गहिरिएर लाग्न सुझाब दिए । साहित्य र कलाको विशेष योगदान कर्णालीको समृद्धि तथा विकासका साथै उज्ज्वल भविष्य निर्माणमा सहयोग पुग्ने बताए ।

उनले नेपाली साहित्य श्रीवृद्धि र कर्णालीको कला, संस्कृति तथा साहित्यलाई देश विदेशमा चिनाउन विशेष योगदान दिने सर्जक स्रष्टाको छनोटका आधारमा पुरस्कृत तथा सम्मान पनि गरे ।

कर्णाली साहित्य समाज सुर्खेतले कला, संस्कृति र साहित्यतर्फ विशेष योगदान पुऱ्याउनुहुने मुलुकका तीनजना स्रष्टालाई पुरस्कृत गरेको छ । उनले ललितपुर निवासी शताब्दी पुरुष सत्यमोहन जोशी, कैलाली टीकापुर निवासी कथाकार ललित विष्ट र सुर्खेत निवासी कलासाधक प्रेमदेव गिरीलाई पुरस्कृत गरेका थिए ।

उक्त कार्यक्रममा कर्णालीको लोक संस्कृतिलगायतका दर्जनौं कृतिका लेखक तथा शताब्दी पुरुष जोशीलाई ताम्रपत्रसहित 'कर्णाली साहित्य साधना सम्मान' प्रदान गरिएको छ । उक्त सम्मान समाजका संरक्षक महेशविक्रम शाहले ग्रहण गरे ।

मुख्यमन्त्री शाहीले कथाकार विष्टको कथाकृति 'मोहपथ'लाई ५० हजारको 'कर्णाली साहित्य समाज कृति पुरस्कार' र नेपाली लोक एवं वाद्यवादनका क्षेत्रमा कर्णालीलाई नेपाल तथा विदेशमा चिनाउने योगदान पुऱ्याउनु हुने वरिष्ठ कलासाधक प्रेमदेव गिरीलाई २५ हजारको 'कर्णाली साहित्य समाज प्रतिभा पुरस्कार' प्रदान गरेका थिए ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा डा नन्दबहादुर सिंहले कर्णाली सांस्कृतिक र जैविक सभ्यताको केन्द्रबिन्दु भएको बताए । सांस्कृतिक सम्पदाको अभिलेखीकरण गर्न त्यसको उत्खनन गर्नुपर्नेमा जोड दिँदै उनले मान्छे पदले नभई कामले चिनिने भएकोले कर्णालीले आफ्नो पहिचान बनाउन आफैले काम गर्नुपर्ने बताए । प्रदेश योजना आयोगका सदस्य डा दीपेन्द्र रोकायले साहित्य, कला र संस्कृतिमा नयाँ पुस्ताले आफ्नो मानक निर्माण गर्न कठिन भएको बताए ।

## तीन दिनका लागि विद्यालय बन्द

**दूल्लु**–नारायण नगरपालिका-५ नवदुर्गा निमावि धिताहमा सयौं विद्यार्थी बिरामीले थला परेका छन् । बालविकासदेखि कक्षा ८ सम्मका विद्यार्थी बिरामी परेपछि तीन दिनका लागि विद्यालय बन्द गरिएको छ ।

ज्वरो आउने, रिँगटा लाग्ने र थरथरी आउनेलगायतले विद्यार्थी थला परेपछि मंगलबारदेखि तीन दिनका लागि विद्यालय बन्द गरिएको प्राधानाध्यापक घनश्याम रेग्मीले जानकारी दिए । उनका अनुसार आइतबार करीब १५०, सोमबार करीब १०० र मंगलबार ८५ विद्यार्थी बिरामी परेपछि बाध्य भएर चिकित्सक र व्यवस्थापन समितिको सल्लाहमा तीन दिनका लागि विद्यालय बन्द गरिएको हो । विद्यार्थी बिरामीले ग्रसित भएको खबर जिल्ला अस्पताल दैलेखमा पुगेपछि डा विवेक गुरुङको टोली त्यहाँ पुगेको जिल्ला अस्पतालका सूचना अधिकृत धीरराज रेग्मीले बताए । विद्यार्थीलाई आरामको आवश्यकता भएको र औषधिले काम गर्ने समय लाग्ने भएकाले विद्यालय बन्द गरिएको रेग्मीले जानकारी दिए । बिरामी सबैलाई जाँच गरी औषधि दिएर घरमा आराम गर्न सुझाव दिइएको उपचारमा खटिएका डा गुरुङले जानकारी दिए । यो अन्य कुनै महामारी नभई भाइरल ज्वरो भएको जनाइएको छ । हाल सबै बिरामीलाई औषधि दिइएको र आराम गर्न सुझाव दिइएको जनाउँदै डा गुरुङले विस्तारै औषधिले काम गर्ने हुँदा धेरै आत्तिनु नपर्ने बताए ।

सयौं विद्यार्थी दुई दिनदेखि बिरामी पर्दा निकै चिन्तित भएको स्थानीयवासी यामराज कटुवालले बताए । विद्यार्थी मात्र नभई नारायण - ५ छातीकोटका धेरैजसो घरमा बिरामी परेको जनाइएको छ । टोलमा धेरै बिरामी परेको खबर पाएपछि अहिले स्थानीय स्वास्थ्यचौकीमा बिरामीको भीड लाग्ने गरेको स्वास्थ्यचौकी प्रमुख षडानन्द शर्माले बताए । रासस

## रेडपाण्डाको छाला सहित ३ जना पक्राउ

**सोलुखुम्बु**(प्रस)–महाकुलुङ गाउँपालिका-३ मकालु वरुण राष्ट्रिय निकुञ्ज मध्यवर्ति क्षेत्र बफरजोनबाट रेडपाण्डाको ७ थान छाला र रेडपाण्डा मार्न प्रयोग गरिने ५ थान पासो सहित ३ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा महाकुलुङ गाउँपालिका-२ बस्ने ७६ वर्षीय जगत बहादुर राई, सोही गाउँपालिका-३ बस्ने ५७ वर्षीय मितुरधन राई र ५६ वर्षीय कविराखर राई रहेका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EBDAAT AL WATAN CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७७/११/२८ | पून : विज्ञापन स्वीकृति मिति २०७७/१२/११ | LT. No. 236965 | चलानी नं. ६०१५५३८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 10 | 0 | 1000 | ३०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Driver | 05 | 0 | 1800 | ५५,४८० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालयमा चैत्र १९ गते ( 1st Apr. 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHINING STAR OVERSEAS PVT. LTD.**

Tokha Municipality-05, Basundhara-5,TOKHA, Kathmandu
Tel : 00977-1-4366335, Fax no.00977-1-4387260
Email : shiningstarovers1276@gmail.com

श्रम ईजाजत नं. 1276/074/75



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASER MARAN BIN QUAID EST. FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०७७/१२/११ | LT. No. 237742 | चलानी नं.६०१५६०३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 05 | 0 | 1800 | ५५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Car Mechanic | 01 | 0 | 1600 | ४९,३१० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालयमा चैत्र १३, १६, १७, १८ र १९ गते ( 29, 29 , 30, 31Mar. & 1st Apr. 2021) मा हुनेछ ।
Final Intervies : 2nd April 2021

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**

Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email: info@relianceservice.com.np, Website: www.relianceservice.com.np

श्रम ईजाजत नं. ९७१/०६७/०६८



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०७६/०२/२१ | पून : विज्ञापन स्वीकृति मिति : २०७७/१२/११ | LT. No. 221090 | चलानी नं. ६०१५४५२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 16 | 05 | 2000 | ६२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता गोकर्ण रिसोर्ट गोकर्णेश्वर काठमाडौंमा चैत्र २०, २१ र २२ गते ( 2nd, 3rd & 4th Apr. 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SILVER CORNER INTERNATIONAL PVT. LTD. (AL RAYAN OVERSEAS)**

श्रम ईजाजत नं. १११६/०७३/०७४

Kathmandu N.P.-9,Sinamangal, Kathmandu,BAGMATI
Nepal Phone No. +977-1-4489950
silvercornernepal@gmail.com


नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**

## Surgical/Medical Mask र Hand Sanitizer खरिदसम्बन्धी बोलपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०७७/१२/१२)

राष्ट्रिय कृषि गणना, २०७८ को प्रयोजनार्थ आवश्यक Surgical/Medical Mask र Hand Sanitizer आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/ संस्था/ कम्पनीहरुले देहाय बमोजिमका सर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि ३०औं दिनको कार्यालय समयसम्म फर्म/ संस्था/ कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/ पान दर्ता र कर चुक्ताको कागजात समेत संलग्न गरेर) पेश गरी यस विभागबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | माल सामानको विवरण | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 16/CBS/077/78 | Surgical/Medical Mask र Hand Sanitizer | बोलपत्र फाराममा संलग्न छ । | रु. ३०००/- | रु. ९५,०००/- | सिलबन्दी दर्ता |

२. बोलपत्र जमानत बापत माथि उल्लेखित रकम बराबर यस विभागको नाममा जारी भएको बिडबण्ड वा कोष तथा लेखा नियन्त्रक (समन्वय) कार्यालयको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. धरौटी खाता नं. १२०१२००-००१-००२-५२४ (कार्यालयको कोड नं. ३९१०१३५०१) मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । बिडबण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिनसम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।

३. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२.०० बजेभित्र यस विभागमा सिलबन्दी गरी दर्ता गराइसक्नु पर्नेछ ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १.०० बजे यस विभागमा उपस्थित फर्म /संस्था/ कम्पनी र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर, कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने/ बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य लगत्तै कार्यालय खुलेको दिन गरिने छ ।

५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्र साथ देहायका कागजात पेस गर्नुपर्नेछ ।
(क) फर्म/ संस्था/ कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र पान (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कलप्रति (घ) आ.व. २०७६।०७७ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र ।

६. बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर केन्द्रीय तथ्यांक विभागको "Surgical/Medical Mask र Hand Sanitizer आपूर्ति सम्बन्धी बोलपत्र २०७७" भनी स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

७. यसै सूचनाको बुँदा-५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने र संलग्न गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको, संलग्न नगरेको साथै सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएका बोलपत्रहरु उपर कुनै कारबाही गरिने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहने छ ।

९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र विभागमा सम्पर्क राख्न सकिनेछ ।

**Khaniyabas Rural Municipality**
Darkha, Dhading

## Invitation for Bids

First Date of Publication: 2077-12-12

- Office of Khaniyabas Rural Municipality invites electronic bids for eligible bidders under National Competitive Biddingof e-procurement system of Public Procurement and Monitoring Office (PPMO).
- Bidders must submit their bid electronically and download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidder's submitting their bid electronically should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:
  **Name of the Bank: Bank of Kathmandu, Khaniyabas Branch**
  **Name of Office: Khaniyabas Rural Municipality, Darkha, Dhading**
  **Office Account no.: 018600000061524**
  **Rajaswa (revenue) Shirshak no. :14229**
- Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2078/01/10. Bidders are required to follow the electronic bid submission procedures as specified in e-GP System operating Guidelines 2073 and user Manuals issued by PPMO which are available in e-GP system and Its website.
- The bids will be opened at 13:00, 2078-01-10 in the presence of office representatives and Bidder's representatives, who choose to attend at the office of Khaniyabas rural Municipality. Bids must valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting. which shall be valid for 30 days beyond the bid validity period.
  **Bank Name: Bank of Kathmandu, Khaniyabas Branch**
  **Account Number: 018600000014524 (DharautiKhata)**
- If the last date of purchasing and/or submission fails on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the orginal last date of bid submission.
- Subjects uncovered under this notice shall be in accordance with public procurement Act, 2063 and Public Procurement Rule 2064.
- The Rural Municipality reserves the right to accept or reject any proposal also the municipality reserve the right to award the contract partially or fully.
- General Information about Bids are as bellow and Bidders can obtain details information through PPMO e-GP System.

| Contract No: | Project Name | Estimated Amount Rs (Including VAT) | Bid Document fee (Non-Refundable) | Bid Security Amount Rs |
|---|---|---|---|---|
| khaniyabas/NCB/works/09/ 2077-78 | Gorgang Jamunagang Mahur Road Upgrade Work | 29,76,354.35/- | 3,000/- | 90,000/- |
| khaniyabas/NCB/works/10/ 2077-78 | Agthali-Kiu-Thali Road Work (New Track) | 49,82,397.04/- | 3,000/- | 1,50,000/- |

**Chief Administrative Officer**